**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति– २०६४ असार ९**

---

## उच्चायुक्तको कार्यालय –नेपालद्वारा वाईसीएलबाट भएका अधिकारका दुर्व्यवहार सम्बन्धी प्रतिवेदन सार्वजनिक

उच्चायुक्तको कार्यालय–नेपालले यो साता नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डसँग भेट गर्‍यो र योङ कम्युनिष्ट लीग (वाईसीएल)बाट भएका दाबी गरिएका दुर्व्यवहारका सम्बन्धमा आफ्नो निष्कर्षसहितको विस्तृत् प्रतिवेदन बुझायो। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि लेना सुन्धले अपहरण र बन्दी अवस्थामा नराम्रो व्यवहार, शारीरिक तथा मानसिक अखण्डतामाथि आक्रमण तथा राजनीतिक गतिविधिहरूमा हिंसात्मक अवरोध पुर्‍याउने जस्ता दुर्व्यवहारहरू अभिलेख गरिएका प्रतिवेदन हस्तान्तरण गर्नुभयो। प्रतिवेदनमा यी दुर्व्यवहारहरूलाई रोक्न तुरुन्त कारबाहीका लागि गरिएका सिफारिसहरू रहेका छन् ।

लेना सुन्धले जेठको अन्तिम दुई सातामा पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रमा नेकपा (माओवादी)/ वाईसीएलका छजना कार्यकर्ताको हत्या भएकामा चिन्ता व्यक्त गर्दै त्यसका लागि जिम्मेवारहरूको पहिचान गर्न र सजाय दिनका लागि तथा चैतमा गौरमा भएका नेकपा (माओवादी)का २७ जना कार्यकर्ताको हत्याको पूर्ण र स्वतन्त्र अनुसन्धान हुनुपर्ने सम्बन्धमा आफ्नो सरोकार व्यक्त गर्नुभयो।

सन् २००६ को डिसेम्बरमा स्थापना भएपछि वाईसीएलद्वारा गरिएका दुर्व्यवहारका धेरै जानकारीपछि उच्चायुक्तको कार्यालय–नेपालले जिल्लाहरूमा विस्तृत् अनुगमन र अनुसन्धान गर्‍यो। यो प्रतिवेदन जानकारीको पुष्टि गर्नका लागि प्रत्यक्षदर्शी, पीडित, नेकपा (माओवादी)को नेतृत्व, वाईसीएलका प्रतिनिधि, राजनीतिक दल, मानवअधिकार रक्षक, नेपाल प्रहरी (नेप्र), सशस्त्र प्रहरी बल (सप्रब)का सदस्य तथा अरूलगायत धेरै प्रकारका स्रोतहरूसँग गरिएको अन्तरवार्तासहितको यी अनुसन्धानहरूको निष्कर्षमा आधारित छ। उच्चायुक्तको कार्यालय–नेपालले राष्ट्रिय तथा स्थानीय वाईसीएलको नेतृत्वसँग पनि भेट्यो र दुर्व्यवहारका आरोपहरूका सम्बन्धमा उनीहरूको जवाफ सुन्यो।

उच्चायुक्तको कार्यालय–नेपालले वाईसीएल तथा नेकपा (माओवादी)का अरू दुर्व्यवहारहरूसम्बन्धी समाचार खासगरी यस वर्ष वैशाखको सुरु देखि फेरि बढ्न थालेको कुरालाई चिन्ताका साथ ध्यानमा राखेको छ। वाईसीएलका गतिविधिहरू तथा समाचारमा आएका दुर्व्यवहारहरूको संख्या र प्रकार जिल्लाजिल्लामा फरक छन्। राजनीतिक तथा अन्य गतिविधिमा अवरोध गरिएको अधिकांश समाचार पश्चिमाञ्चल क्षेत्रबाट आएका छन्, यद्यपि केही मध्यमाञ्चल तथा पूर्वाञ्चल क्षेत्रबाट पनि छन्। जग्गासम्बन्धी मुद्दाहरूसँग सम्बन्धित हिंसाका समाचार सुदूर तथा मध्यपश्चिमाञ्चल क्षेत्रमा आएका छन्। अपहरणका सबैभन्दा बढी घटनाहरू पश्चिमाञ्चल तथा मध्यमाञ्चल क्षेत्रहरूमा भए।

प्रतिवेदनमा उल्लिखित धेरैवटा अपहरणहरू वाईसीएलका "कानुन कार्यान्वयन" गतिविधिहरूका सन्दर्भमा भएका थिए। उच्चायुक्तको कार्यालय–नेपालको जानकारीका अनुसार गत जेठ १४ गतेपछि मात्र २४ व्यक्तिलाई अपहरण गरिएको छ। उनीहरूलाई रिहा गरिनुअघि वा छोटो समय बन्दी बनाएर प्रहरीलाई हस्तान्तरण गर्नुअघि आधिकारिक थुना केन्द्रका रूपमा नरहेका ठाउँहरूमा लगियो, सोधपुछ गरियो र केही घटनामा कुटियो र धम्की दिइयो।

प्रहरीले अपराधीहरूविरुद्ध कारबाही गरिरहेको छैन भन्ने आधारमा वाईसीएलले यी कार्यहरूको औचित्य देखाएको छ। कानुन कार्यान्वयन निकायहरू र राज्यका अरू संस्थाहरूको कमजोरीका साथै विस्तृत् शान्ति सम्झौता (सम्झौता)का प्रावधानहरूको कार्यान्वयनमा भएको ढिलाइका सम्बन्धमा केही वैधानिक चिन्ताहरू भए पनि यी तर्कहरूलाई ती कार्यहरूको औचित्यका रूपमा प्रयोग गर्न सकिँदैन, जसबाट मानवअधिकारका दुर्व्यवहार हुन्छन्। यी दुर्व्यवहारहरूले

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन, सम्झौता तथा अन्तरिम संविधान जस्ता आन्तरिक कानुनको उल्लङ्घन गर्छन्। वाईसीएलद्वारा गरिएका मानवअधिकारका दुर्व्यवहारहरूले डर र त्रासको वातावरण सिर्जनामा बल प्रदान गरिरहेका छन्। तिनले खासगरी अभिव्यक्ति र भेला हुन पाउने स्वतन्त्रतासँग सम्बन्धित वैधानिक राजनीतिक, पत्रकारितासम्बद्ध तथा अरू गतिविधिहरूको अवरोधका रूपमा काम गर्छन्।

नेकपा (माओवादी)को एउटा अभिन्न अङ्गका रूपमा वाईसीएल अन्ततोगत्व नेकपा (माओवादी)को नेतृत्वप्रति जिम्मेबार छ। वाईसीएलले सम्झौताअन्तर्गत तथा नेकपा (माओवादी) पक्ष रहेको शान्ति प्रक्रियाका सन्दर्भमा गरिएका अरू सम्झौताहरूमा गरिएका मानवअधिकारका प्रतिबद्धताहरूलाई सम्मान गर्नुपर्दछ। त्यसबाहेक सरकारको अङ्गका रूपमा नेकपा (माओवादी)सँग अन्तरिम संविधानका साथै नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूका मानवअधिकारसम्बन्धी प्रावधान सुनिश्चित गर्ने कर्तव्य पनि रहेको छ।

अध्यक्ष प्रचण्डले उच्चायुक्तको कार्यालय–नेपालसँग नेकपा (माओवादी)ले उच्चायुक्तको कार्यालयको चिन्ता बुझेको बताउनुभयो र वाईसीएलका यी गतिविधिहरू वाईसीएलका मौलिक अपेक्षित भूमिकासँग मेल खाँदैनन् तथा उक्त सङ्गठनले यी दुर्व्यवहारको सामना गर्ने कदमहरूतर्फ विचार गरिरहेको छ भन्ने कुरामा जोड दिनुभयो। उच्चायुक्तको कार्यालय–नेपालले पनि यसै साता पहिले भेटेका एकजना वरिष्ठ वाईसीएलका अधिकारीले पनि उच्चायुक्तको कार्यालय नेपालसँग आरोपहरूमाथि अनुसन्धान गरी जिम्मेवार पाइएकाहरूविरुद्ध कारबाही गरिने बताए।

उच्चायुक्तको कार्यालय–नेपालले नेकपा (माओवादी)को नेतृत्वले वाईसीएलका दुर्व्यवहारलाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ भन्ने बुझेको छ तर यससम्बन्धमा थोरै मात्र सुधार भएको छ र विगत केही सातायता दुर्व्यवहारका आरोपहरू बढेका देखिन्छन्। यी चिन्ताहरूलाई सम्बोधन गर्न प्रभावकारी कार्य नगरिएमा सम्झौताका प्रावधानहरूअनुरूप मानवअधिकारप्रतिको नेकपा (माओवादी)को प्रतिबद्धतामाथिको विश्वासमा गम्भीर आँच आउनेछ।

उच्चायुक्तको कार्यालय–नेपाल प्रतिवेदनमा नेकपा (माओवादी) र वाईसीएलको नेतृत्वले वाईसीएललाई दुर्व्यवहारहरू रोक्न तथा ती कुराहरू सह्य हुनेछैनन् भनेर स्पष्ट निर्देशन दिनैपर्ने सिफारिस गर्दछ। राज्यका निकायहरूद्वारा जवाफदेही बनाइनसक्ने कुनै पनि आन्तरिक अनुशासानात्मक उपायबाहेक वाईसीएल/ नेकपा (माओवादी) राज्यका पात्र वा अन्यबाट हुने कुनै पनि प्रकारको हिंसा वा दुर्व्यवहार रोक्नका लागि हस्तक्षेप गर्न तथा अनुसन्धान गर्न एवं जिम्मेवारलाई गिरफ्तार गर्न र अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिइनैपर्छ। राजनीतिक दलका युवा सङ्गठनहरू युवा वर्गलाई राजनीतिमा आवाज मुखरित गर्न दिन अत्यन्त महत्त्वपूर्ण हुन्छन् तर तिनले कानुनअनुरूप कार्य गर्नुपर्छ र अरूको मानवअधिकारको सम्मान गर्नुपर्छ।

साथै प्रहरीलाई मानवअधिकारको पूर्ण सम्मानका साथ आफ्नो काम गर्न दिन सरकार तथा राजनीतिक दलहरूद्वारा राजनीतिक समर्थन दिइनैपर्छ। उनीहरूलाई आफ्नो कर्त्तव्य पूरा गर्न दिन पर्याप्त संसाधन उपलब्ध गराइनैपर्छ। सार्वजनिक सुरक्षालाई सम्बोधन गर्न सम्झौताका सबै पक्षहरूसँगको पूर्ण परामर्श तथा उनीहरूको समर्थनमा एउटा समन्वीकृत रणनीति तुरुन्त आवश्यक भएको छ। यसको बिना मानवअधिकारमाथि थप खतरासहित कानुन र व्यवस्थामा अझ आँच आउने खतरा छ। कानुन कार्यान्वयनको अभावले पनि रिक्तता सिर्जना गर्छ जसलाई अरूद्वारा कानुन कार्यान्वयनसम्बन्धी गतिविधिहरूको औचित्य पुष्टि गर्न प्रयोग गरिएको छ। यस प्रतिवेदनमा समावेश गरिएका जस्ता हिंसा र दुर्व्यवहारका लागि तथा आफूहरू जवाफदेही बनाइने छैन भन्ने जानेर ती कार्यमा जिम्मेवारहरूका लागि पनि यसले अवस्थाहरू तोकेको छ।

अपराध, भ्रष्टाचार तथा कानुन र व्यवस्थालाई सम्बोधन गर्नमा प्रहरी अकर्मण्य रहेको भन्ने वाईसीएलको आरोप - जसलाई सर्वसाधारण मानिसहरूले पनि व्यापकरूपमा प्रतिध्वनित गरेका छन् – को पनि सम्बोधन हुनैपर्छ। राज्यका कानुन कार्यान्वयन गर्ने निकायहरू तथा फौजदारी न्याय प्रणालीका कमजोरीहरू वाईसीएलका दुर्व्यवहारहरूलाई सम्बोधन गर्ने मात्र नभई कानुन र व्यवस्था कायम गर्ने, सुरक्षा कायम गर्ने एवं जुनसुकै मूलका भए पनि सर्वसाधारण जनतालाई हिंसा, धम्की र त्रासको कार्यविरुद्ध संरक्षण गर्ने व्यापक मुद्दाहरू दुवैका सम्बन्धमा एउटा अत्यन्त महत्त्वपूर्ण चुनौती बनेर रहेका छन्। यो कमजोरी स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचनको अवस्था तयार पार्ने र सफल शान्ति प्रक्रिया सुनिश्चित गर्नेतर्फको एउटा सबैभन्दा ठूलो बाधा हो। अन्तमा खासगरी निर्वाचन प्रक्रियाका सन्दर्भमा राजनीतिक गतिविधि बढ्दै जाँदा संवादमार्फत राजनीतक मतभेदको समाधान उच्चतम प्राथमिकता हुनैपर्छ र हिंसा, धम्की तथा त्रसित पार्ने कार्य जस्ता घटनाहरू स्वीकार्य हुँदैनन्।

For further information contact Mr. Chun Bahadur Gurung at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org